# राष्ट्रिय सूचना आयोगको

## आदेश

मु.नं. २१८/१५१/२०६९/०७०

धनुषा जिल्ला ठेरा कचुरी-९ बस्ने प्रमोदकुमार साह समेत ............................................१ पुनरावेदक

विरूद्ध

प्रमुख, जिल्ला विकास समिति धनुषा, जनकपुर ..........................................................१ विपक्षी

जिल्ला धनुषा ठेरा कचुरी-९ बस्ने प्रमोदकुमार साह समेतले जिल्ला विकास समिति, धनुषा सँग मिति २०६९।१२।२१ मा तपसिलको सूचना माग गर्दा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाँउ भनी मिति २०७०।२।६ मा यस आयोग समक्ष पुनरावेदन गरेकोमा पूर्ण सूचना उपलब्ध नगराएको भनी पुनः मिति २०७०।०३।१२ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई माग गरेको स्वरुपमै ७ (सात) दिन भित्र उपलब्ध गराई सो को एक प्रति यस आयोगमा समेत पठाउनू भनि जिल्ला विकास समिति धनुषा, जनकपुरका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी पुनरावेदकलाई दिनु । पुनरावेदकको पुनरावेदन सगै राखी पठाउनू ।

### तपसिल

१.यस कार्यालय द्वारा निर्माणाधीन घोडघास गाविस स्थित गंगुलीमा बनिरहेको पुलको लागत खर्च र सो मा छुट्याईएको बजेटको प्रमाणित प्रतिलिपी ।
२.पुल बनाउनु पूर्व सो को नक्साङ्कन र निर्माणमा लाग्ने खर्चको सूचना पाटी अर्थात होर्डिङ बोर्ड किन र के का लागि सार्वजनिक गरिएन सो को जानकारी सहितको प्रमाणित प्रतिलिपी ।
३.सो पुलमा खर्च भएको बजेट अनुसारको विल भरपाईको प्रमाणित प्रतिलिपी ।

| | | |
|---|---|---|
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल फागुन १० गते रोज १ शुभम् ।